# इलाम नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **सङ्ख्याः ११** **मितिः २०८०/०९/२९**

**भाग-२**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, विज्ञ उपयोग तथा परिचालन कार्यविधि, २०८० सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## इलाम नगरपालिका, विज्ञ उपयोग तथा परिचालन कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/२९**
**प्रमाणीकरण मितिः २०८०/०९/२९**

**प्रस्तावना :**

इलाम नगरपालिकाको १३ औ नगर सभाबाट नगरपालिकामा नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा एवम् कार्यान्वयनमा विषयगत विज्ञहरुको ज्ञान, सीप र अनुभवको उपयोग गर्न विज्ञहरुको रोस्टर तयार गरी विज्ञ उपयोग गर्ने नीतिगत व्यवस्था भएको हुँदा सो नीतिलाई व्यवस्थित, प्रभावकारी र नतिजामूलक ढङ्गले कार्यान्वयन गर्नका लागि कार्यविधि जारी गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकारलाई प्रयोग गरी यो **"इलाम नगरपालिका, विज्ञ उपयोग तथा परिचालन कार्यविधि, २०८०"** जारी गरिएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"इलाम नगरपालिका, विज्ञ उपयोग तथा परिचालन कार्यविधि, २०८०"** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"प्रमुख"** भन्नाले इलाम नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ख) **"उपप्रमुख"** भन्नाले इलाम नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले इलाम नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) **"कार्यपालिका सदस्य"** भन्नाले इलाम नगर कार्यपालिकाको सदस्यलाई सम्झनुपर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले इलाम नगरपालिका सम्झनुपर्छ ।

(च) **"नगरसभा"** भन्नाले इलाम नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले इलाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) **"सेवा सुविधा"** भन्नाले प्रचलित कानुन तथा संझौता बमोजिम विज्ञलाई दिइने पारिश्रमिक, भत्ता वा अन्य रकम तथा सुविधालाई सम्झनुपर्छ ।

(झ) **"विज्ञ"** भन्नाले कार्यपालिकाबाट यस कार्यविधि बमोजिम नियुक्त गरिएका नगरपालिकाका लागि आवश्यक विषय क्षेत्रगत ज्ञान, सीप, अनुभव र शिक्षा प्राप्त स्वदेशी वा विदेशी जनशक्तिलाई सम्झनुपर्छ ।

(ञ) **"समिति"** भन्नाले विज्ञ उपयोग तथा परिचालन समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद–२

## विज्ञ उपयोग तथा परिचालनको उद्देश्य र समिति गठन

**३. विज्ञ उपयोग तथा परिचालनको उदेश्यः**

(क) विषयगत क्षेत्रमा विज्ञता प्राप्त जनशक्तिको उपयोग गरि तथ्यमा आधारित नीति, योजना, आयोजना र कार्यक्रमको अभ्यासलाई संस्थागत गर्ने ।

(ख) बाह्य ज्ञान, सीप र विज्ञताको उपयोग गरि नगरपालिकाको नीति निर्माण, विकास व्यवस्थापन र सेवा प्रवाहलाइ प्रभावकारी बनाउने ।

(ग) नगरपालिकाका साझेदार पक्षहरु संगको सहकार्य, साझेदारी, अन्तरआवद्धता र अन्तरसम्बन्धलाई सुदृढ र नतिजामुखी बनाउने ।

## ४. विज्ञको मनोनयन/ नियुक्ति सम्वन्धी व्यवस्थाः-

(क) नगरपालिकाले देहायका बिषय क्षेत्रसँग सम्बन्धित विज्ञहरुलाई नगरपालिकाको विज्ञका रुपमा मनोनयन र उपयोग गर्ने सक्नेछ ।

१. कृषि विकास

२. पूर्वाधार विकास

३. नीति तथा योजना तर्जुमा

४. सार्वजनिक प्रशासन

५. पर्यटन

६. शिक्षा र स्वास्थ्य

७. वित्तीय व्यवस्थापन

८. वातावरण

९. उर्जा

१०. उद्योग

११. कार्यपालिकाले समय समयमा तोकेका अन्य विषय क्षेत्रहरु

(ख) दफा-४ बमोजिमको समितिले तोकिएको विषय क्षेत्र संग सम्वन्धित दफा-३ (घ) बमोजिमको योग्यता पुरा गरेका जनशक्तिका सम्वन्धमा पहिचान, अध्ययन र आवश्यक्तानुसार सम्वन्धित व्यक्ति संग परामर्श गरि नगरपालिकाको विज्ञका रुपमा मनोनयन/ नियुक्तिका लागि कार्यपालिका समक्ष सिफारिस गर्नु पर्नेछ ।

(ग) विज्ञ उपयोग तथा परिचालन समितिले विज्ञको मनोनयन तथा नियुक्तिका लागि सिफारिस गर्दा दफा-३(ग) बमोजिमको योग्यता पुरा गरेको प्रमाण यकिन गरि अनुसुची-२ बमोजिमको ठाँचामा विवरण तयार गरि पेश गर्नु
पर्नेछ ।

(घ) **विज्ञका रुपमा मनोनयन/ नियुक्तिका लागि आवश्यक योग्यताः-** नगरपालिकाको विज्ञका रुपमा मनोनयन/ नियुक्तिका लागि देहायको योग्यता पुरा गरेको हुनु पर्नेछ ।

१. सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।

२. सम्बन्धित विषय क्षेत्रमा कम्तिमा १० बर्षको कार्यानुभव भएको ।

३. कुनै फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।

४. कुनै राजनीतिक दलको कार्यकारी पदमा वहाल नरहेको ।

(ङ) **विज्ञको नियुक्तिः-** नगर कार्यपालिकाको निर्णयबाट विज्ञका रुपमा मनोनयन गरिएका व्यक्तिलाई नगरप्रमुखले अनुसुची- १ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिनु पर्नेछ ।

(च) नगर कार्यपालिकाबाट विज्ञका रुपमा मनोनयन गरिएका विज्ञहरुको अद्यावधिक सूची प्रशासन शाखाले तयार गर्नु पर्नेछ ।

(छ) **विज्ञको नियुक्ति समाप्त हुने अवस्थाः-** देहायका कुनै अवस्थामा विज्ञका रुपमा सूचीकृत विज्ञको नियुक्ति तथा मनोनयन बदर वा समाप्त हुनेछ ।

१. निजको मृत्यु भएमा,

२. निज फौजदारी तथा नैतिक पतन देखिने अभियोगमा कसुरदार ठहरिएमा,

३. निजले नगर प्रमुख समक्ष विज्ञको पदबाट राजिनामा दिएमा,

४. निजले आचरण विपरितको कार्य गरेको वा कार्य सक्षमताको अभाव भएको वा अन्य उपयुक्त आधार र कारण सहित विज्ञ उपयोग तथा परिचालन समितिले नियुक्ति बदर गर्न सिफारिस गरेमा,

ज) दफा- छ) बमोजिम विज्ञको नियुक्ति बदर वा समाप्ति नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**५. विज्ञ उपयोग तथा परिचालन समिति :-** (क) नगरपालिकाका विज्ञहरुको मनोनयन सिफारिस, उपयोग तथा व्यवस्थापनका लागि देहाय बमोजिमको विज्ञ उपयोग तथा परिचालन समिति रहनेछ ।

१. नगरप्रमुख - संयोजक

२. उप-प्रमुख - सदस्य

३. सुशासन तथा संस्थागत विकास समितिको संयोजक - सदस्य

४. आर्थिक विकास समितिको संयोजक - सदस्य

५. पूर्वाधार विकास समितिको संयोजक - सदस्य

६. सामाजिक विकास समितिको संयोजक - सदस्य

७. वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक- सदस्य

८. प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

(ख) समितिको बैठक प्रत्येक ३ महिनामा एक पटक बस्नेछ र आवश्यकतानुसार जुनसुकै बखत समेत बैठक बस्न सक्नेछ ।

(ग) समितिको बैठक नगर प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ । बैठकको कार्यसूची नगर प्रमुखबाट तयार गरिनेछ ।

(घ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) समितिको बैठकमा उपस्थित पदाधिकारी, सदस्य र आमन्त्रित व्यक्तिहरुले नियमानुसारको बैठक भत्ता पाउनेछन ।

(च) विज्ञ उपयोग तथा परिचालन समितिको सचिवालयको कार्य नगरपालिकाको प्रशासन शाखाले गर्नेछ ।

**६. विज्ञ उपयोग तथा परिचालन समितिको काम, कर्तव्य र अधिकार :**

(क) नगरपालिकाका लागि विज्ञ मनोनयन गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ख) विज्ञहरुको उपयोग तथा परिचालनका क्षेत्रहरुको पहिचान गर्ने ।

(ग) नगरपालिकाका नीति, योजना तथा कार्यक्रमहरुमा विज्ञहरुको सहभागिताका लागि सहजिकरण गर्ने ।

(घ) कार्यविधिको अधिनमा रही आवश्यकतानुसारका कार्यहरु सम्पादन गर्ने ।

## परिच्छेद–३

**७. विज्ञ उपयोग तथा परिचालन सम्बन्धी व्यवस्था :-**

(क) विज्ञको सूचीमा सूचीकृत विज्ञहरुलाई निम्नानुसारका क्षेत्रमा उपयोग तथा परिचालन गर्न सकिनेछ ।

१. नगरपालिकाको नीति, योजना, बजेट तथा कार्यक्रमहरुको तर्जुमामा सुझाव, परामर्श र सहयोग,

२. नगरपालिकाको तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक सक्षमता भएका क्षेत्रहरुको पहिचान तथा परियोजना विकास,

३. नगरपालिकाले पहिचान गरेका विषय क्षेत्रहरुको अध्ययन, अनुसन्धान र परीक्षण,

४. निजी, गैर सरकारी तथा सामुदायिक क्षेत्र लगायतका साझेदार तथा पक्षहरुसँग सम्बन्ध, समन्वय, सहकार्य र साझेदारी सम्बन्धी कार्य,

५. तोकिएको विषय क्षेत्रमा नगरपालिका तथा नगर प्रमुखलाई सल्लाह, सुझाव तथा परामर्श सम्बन्धी कार्य,

६. नगरपालिका तथा नगर प्रमुखले आवश्यक ठानेका अन्य कार्यहरु,

(ख) नगरपालिकाको नीति, योजना, बजेट तथा कार्यक्रमहरुको तर्जुमा सम्बन्धी बैठक तथा विषयगत समितिका वैठकहरुमा अनिवार्य रुपमा विज्ञहरुलाइ भौतिक रुपमा वा भर्चुअल (अनलाइन) माध्यमबाट सहभागी गराउनु पर्नेछ ।

(ग) नगरपालिकाले कुनै नयाँ नीति, योजना, आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वा साविकका नीति, योजना, आयोजना वा कार्यक्रममा संसोधन गर्नु पर्दा सम्बन्धित विषय विज्ञको अनिवार्य रुपमा सल्लाह तथा परामर्श लिनु पर्नेछ र सो को अभिलेख राख्नु पर्नेछ ।

**८. विज्ञहरुको सेवा सुविधा सम्वन्धी व्यवस्थाः-**

(क) विज्ञको रुपमा सूचीकृत विज्ञहरुको उपयोग र परिचालनका लागि बार्षिक बजेटको व्यवस्था गर्नु पर्नेछ ।

(ख) स्वीकृत बार्षिक बजेटको परिधि भित्र रहि विज्ञहरुलाइ कार्य सम्पादनका आधारमा प्रचलित कानुन बमोजिम निम्नानुसारका सेवा सुविधा वापतको रकम भुक्तानी गर्नु पर्नेछ ।

१. वैठक भत्ता (अनलाइन माध्यमबाट बैठकमा सहभागी भएकोमा समेत सो को प्रमाण राखि प्रचलित कानुन बमोजिमको वैठक भत्ता भुक्तानी गर्न सकिने।)

२. नगर प्रमुखबाट स्वीकृत भ्रमण आदेश बमोजिमको भ्रमण खर्च,

३. नगरपालिकाबाट गराइएको अध्ययन, अनुसन्धान तथा प्रतिवेदन सम्वन्धी कार्यका लागि प्रचलित कानुन र नर्म्सको परिधि भित्र रहि तयार गरिएको परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र लागत अनुमान बमोजिमको रकम,

४. परियोजना वा कार्यक्रम प्रस्ताव तर्जुमा कार्यका लागि प्रचलित कानुन र नर्म्सको परिधि भित्र रहि तयार गरिएको परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र लागत अनुमान बमोजिमको रकम,

५.  अन्य कार्यहरुको हकमा प्रचलित कानुन बमोजिमका सेवा सुविधाहरु,

(ग) विज्ञ सूचीमा सूचीकृत विज्ञहरुलाइ दफा ७ख बमोजिम भुक्तानी गरिने वैठक भत्ता र भ्रमण खर्च नेपाल सरकारको राजपत्रांकित द्वित्तिय श्रेणीको अधिकृत सरहको दरमा भुक्तानी गरिनेछ ।

(घ) दफा-७ (ख) बमोजिमको सेवा सुविधा तथा पारिश्रमिकको भुक्तानीका लागि प्रचलित खरिद सम्वन्धी कानुन तथा सम्वन्धित कानुन बमोजिमको प्रकृया अनिवार्य रुपमा पुरा गर्नु पर्नेछ ।

(ङ) विज्ञ उपयोग तथा परिचालन समितिले विज्ञ उपयोग तथा परिचालन सम्वन्धी प्रगति प्रतिवेदन तयार गरि चौमासिक रुपमा कार्यपालिकाको वैठकमा समीक्षाका लागि पेश गर्नु पर्नेछ ।

## परिच्छेद–४

## विविध

**९. विज्ञको आचार संहिता सम्बन्धी व्यवस्थाः**

(क) नगरपालिकाको हित र उन्नतीका लागि आफ्नो विषय विज्ञताको क्षेत्रमा स्वतन्त्र, निष्पक्ष र पूर्वाग्रह रहित भई सहयोग, सल्लाह, सुझाव र परामर्श प्रदान गर्ने।

(ख) कुनै भाषा, धर्म, जाति, लिङ्ग, तथा सम्प्रदाय प्रतिकुलको विचार व्यक्त गर्न, कार्य वा व्यवहार गर्न नहुने ।

(ग) नगरपालिकासँग सम्वन्धित जिम्मेवारी निर्वाह गर्दा राजनीतिक पूर्वाग्रह राखि कार्य गर्न नहुने ।

(घ) प्रचलित कानुनको पूर्ण परिपालना गर्नुपर्ने ।

(ङ) नगरपालिकाको खास बैठक वा कार्यक्रममा विज्ञ राय प्रदान गर्दा वाहेक नगरपालिका प्रति पूर्वाग्रही भई सार्वजनिक रुपमा नगरपालिकाको स्वीकृत नीति र कानुनको बिरोध गर्न नहुने ।

(च) नगरपालिकाका गोप्य सूचना तथा जानकारीहरु कानुन विपरित अनधिकृत व्यक्ति वा पक्षहरुलाई दिन नहुने ।

**१०. संशोधनः**

(क) यस कार्यविधि संशोधन गर्न आवश्यक भएमा विज्ञ उपयोग तथा परिचालन समितिको सिफारिसमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

(ख) यस कार्यविधिमा उल्लिखित विषयमा कुनै अस्पष्टता उत्पन्न भएमा वा विवाद भएमा सो सम्वन्धमा कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**११. बाधा अड्काउ फुकाउने वा व्याख्या गर्ने अधिकारः**

(क) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै अन्यौल भएमा बाधा अड्काउ फुकुवा वा व्याख्या गर्ने अधिकार कार्यपालिकाको बैठकलाई हुनेछ ।

**आज्ञाले,**

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-१**

**विज्ञको नियुक्ति-पत्र**

**इलाम नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय इलाम**

**विषयः- विज्ञ नियुक्ति गरिएको बारे ।**

श्री ..................................

.......................................

**महाशय,**

तपाइले .................... क्षेत्रमा हासिल गर्नु भएको ज्ञान, सीप योग्यता, अनुभव र दक्षतालाई इलाम नगरपालिकाको समुन्नतीका लागि उपयोग गर्दै समुन्नत इलाम सम्पन्न इलामेलीको दुरदृष्टिलाई सफलीभूत तुल्याउन यहाँलाई इलाम नगरपालिका, **विज्ञ उपयोग तथा परिचालन कार्यविधि-२०८०** तथा इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति ........................ को निर्णय बमोजिम इलाम नगरपालिकाको ................................. बिषय क्षेत्रको विज्ञका रुपमा नियुक्ति गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।

इलाम नगरपालिकाको विज्ञका रुपमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा इलाम नगरपालिकाको समुन्नतीका लागि यहाँको विज्ञताको अधिकतम उपयोग हुने विश्वास लिएको छु ।

.................

नगर प्रमुख

## अनुसुची-२

## विज्ञका रुपमा नियुक्तिका लागि सिफारिसको ढाँचा

**नगर कार्यपालिका**

**इलाम नगरपालिका इलाम ।**

**विषयः- विज्ञ नियुक्तिका लागि सिफारिस गरिएको ।**

इलाम नगरपालिका विज्ञ उपयोग तथा परिचालन कार्यविधि-२०८० बमोजिम यस समितिको मिति ..................... को निर्णय बमोजिम देहायका विवरण भएको व्यक्तिलाई इलाम नगरपालिकाको विज्ञका रुपमा नियुक्तिका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

**प्रस्तावित विज्ञकोः-**

१) नामथर : ..........................................................................

२) बाबुको नाम ........................................... आमाको नाम ..............................................

बाजेको नाम ...............................................

३) स्थायी ठेगाना जिल्ला.......................न.पा./गा.पा. .................. वडा नं........गाउँ/टोल ...............
सम्पर्क नम्बर ...................

अस्थायी ठेगाना जिल्ला .....................न.पा./गा.पा. ...........................वडा नं.........

गाउँ/टोल ....................................... सम्पर्क नम्बर .......................

४) जाति ................................ लिङ्ग.................. जन्ममिति ....................

५) आदिवासी जनजाति वा खसआर्य वा दलित वा मधेसी मुस्लिम वा अन्य के हो ?......................................

६) नागरिकता वा राष्ट्रिय परिचयपत्र नं.................... .............पान नम्वर ...............................

७) **विशेषता/क्षमता/कार्य अनुभव रहेको क्षेत्र :**

१)

२)

३)

४)

५)

**८) कार्य अनुभव (पछिल्लो कार्यानुभवलाई पहिला राख्ने)**

| सि.नं. | संस्था/प्रतिष्ठान/कार्यालय | अवधि | सम्पादन गरेको मुख्य मुख्य कार्यहरु | कैफियत |
|---|---|---|---|---|

**९) शैक्षिक योग्यता**

| सि.नं. | शैक्षिक उपाधि | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी वा प्रतिशत | शिक्षक संस्थाको नाम | मुख्य विषय |
|---|---|---|---|---|---|

**१०) सीपमूलक वा व्यावसायिक तालिम**

| सि.नं. | तालिमको नाम | उत्तीर्ण वर्ष | तालिमको अवधि | तालिम दिने संस्थाको नाम | मुख्य विषय |
|---|---|---|---|---|---|

**११) भाषा सीप**

| सि.नं. | भाषाको नाम | बोल्ने क्षमता | पढ्ने क्षमता | लेख्ने क्षमता | कैफियत |
|---|---|---|---|---|---|